**ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर**

# शान्तिपूर्वक भेला हुने अधिकारबारे
# जेनेरल कमेन्ट ३७
# (नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २१)

## जेनेरल कमेन्ट ३७ भनेको के हो ?

जेनेरल कमेन्ट ३७ ले शान्तिपूर्वक भेला हुने अधिकारका साथै विरोध सभा/प्रदर्शन, बैठक एवं अन्य प्रकारका भेलाहरूमा सहभागी हुनसक्ने क्षमतासँग सम्बन्धित विभिन्न विषयहरूबारे प्रगतिशील सिद्धान्तहरू र मापदण्डहरू प्रस्तुत गर्दछ । शान्तिपूर्वक भेला हुने अधिकारको पूर्ण सम्मान र सहजीकरणलाई अघि बढाउन यो जेनेरल कमेन्टलाई विचार गरिनुपर्छ ।

यस दस्तावेजमार्फत ह्युमन राइट्स एंड जस्टिस सेन्टरले पैरवीका निमित्त  सामान्य टिप्पणी ३७ (जेनेरल कमेन्ट ३७)  मूलपाठको संक्षेपीकरण गरेको छ । सम्बन्धित सरोकारवालाहरूले आफ्नो वकालत वा पैरवीमा यो संस्करणको प्रयोग गर्न सक्नुहुनेछ, जुन एचआरजेसीको वेबसाईटमा सफ्टकपी प्रतिलिपिको रुपमा उपलब्ध छ ।

## १. सारतत्व (The Essential)

शान्तिपूर्वक भेला हुने अधिकारलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २१ मा सुरक्षित गरिएको छ, जसअनुसार, "शान्तिपूर्वक भेला हुने अधिकारलाई स्वीकार गरिनेछ । यस अधिकारको प्रयोगमा कानून बमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था *(ordre public)*, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरू बाहेक अन्य कुनै पनि प्रतिबन्धहरू लगाउन पाइने छैन ।"

**परिभाषा :** शान्तिपूर्वक भेला हुने अधिकारलाई मौलिक मानव अधिकारको रूपमा परिभाषित गरिएको छ जसले विशेष उद्देश्यका लागि, मुख्यतया अभिव्यक्तिमूलक उद्देश्यका लागि हुने व्यक्तिहरूको गैरहिंसात्मक भेलालाई संरक्षण गर्दछ । यो एउटा व्यक्तिगत अधिकार हो जसलाई सामूहिक रूपमा प्रयोग/उपभोग गरिन्छ । तसर्थ, यस अधिकारमा अन्तर्निहित रहने कुरा एउटा सहयोगी तत्व (associative element) हो । यो मानिसहरूको भौतिक भेला वा दूरस्थ (जस्तै : अनलाइन) सहभागिता वा संगठित हुने कार्यका साथै संगठित वा स्वतस्फूर्त हुने भेलाहरूमा लागू हुन्छ ।

**अभिव्यक्तिको ठाउँ (Place of expression)** । घरबाहिर, घरभित्र र अनलाइन (जस्तै : इन्टरनेट), सार्वजनिक तथा निजी स्थल वा सोको संयोजन रहेका जुनसुकै ठाउँमा शान्तिपूर्ण भेलालाई संरक्षित हुन्छ ।

**अभिव्यक्तिको स्वरूप (Forms of expression)** । यस्ता भेलाहरू विभिन्न स्वरूपमा हुन सक्छन्, अर्थात् यो प्रदर्शन, विरोध सभा, बैठक, जुलुस (processions), ऱ्याली, धर्ना, दीप प्रज्वलनसहितको जुलुस (candlelit vigils) र वृहत भेला (flash mob) हुन सक्छ । धर्ना (pickets) जस्ता एकै ठाउँ बसेर गरिने हुन् वा जुलस वा मार्चपासजस्ता गतिशील भेला हुन्, ती सबैलाई संरक्षित हुन्छ ।

**अधिकारका मालिक (Owners of the rights)** । हरेक व्यक्तिको शान्तिपूर्वक भेला हुन पाउने - नागरिक र गैरनागरिक दुवैको बराबरी - अधिकार हुन्छ । यसलाई, उदाहरणका लागि, विदेशी नागरिक, आप्रवासी (कानूनी वा गैरकानूनी रूपमा बसोबास गरिरहेकाहरू), आश्रय/शरण खोज्नेहरू, शरणार्थी र राज्यविहीन व्यक्तिहरूले उपभोग गर्न सक्नेछन् ।

**राष्ट्र/राज्यहरूको कर्तव्य (Duties of states)** । शान्तिपूर्वक भेला हुने अधिकारको स्वीकारोक्तिले पक्ष राष्ट्रहरूमा कुनै पनि भेदभाव नगरी यस अधिकारको सम्मान गर्नुपर्ने र सो अधिकारको उपभोग गर्न पाउने सुनिश्चित गर्नुपर्ने समान दायित्व (corresponding obligation) सिर्जना गर्दछ । यस दायित्व पूरा गर्न राष्ट्रहरूले कुनै पनि अनुचित र अनावश्यक हस्तक्षेप नगरी वा हुन नदिई यस प्रकारका भेलाहरू हुन दिनुपर्छ र शान्तिपूर्वक भएका भेलाहरूलाई सडक बन्द गरिदिएर वा सवारी साधनको आवागमनलाई अन्यत्रबाट पठाएर सहजीकरण गर्नुपर्छ, साथै सहभागीहरूलाई अन्य सर्वसाधारण सदस्यहरूबाट हुनसक्ने दुर्व्यवहार, हस्तक्षेप वा हिंसाबाट संरक्षण प्रदान गर्नुपर्छ ।

## २. कुनै पनि भेलामा व्यक्तिको सहभागितालाई संरक्षण गरिएको छ वा छैन भनेर कसरी थाहा पाउने ?

हामीले सर्वप्रथम सो व्यक्तिको आचरण, प्रतिज्ञापत्रले (Covenant) प्रदान गरेको संरक्षणको दायराभित्र पर्छ कि पर्दैन (२.१), र राज्यद्वारा लगाइएको कुनै पनि प्रतिबन्ध कानून सम्मत छ कि छैन भन्ने कुरामा विचार गर्नुपर्छ (२.२) ।

### २.१ शान्तिपूर्ण बैठक/सभामा सहभागी हुने

संरक्षण पाउनका लागि सहभागीले हिंसा गर्न नहुने व्यवस्थाको अनिवार्य पालना गर्नुपर्छ (२.१.१) । यसो गरेमा राज्यद्वारा गरिने उनीहरूको अधिकारको प्रत्याभूति र संरक्षणबाट उनीहरूले लाभ पाउन सक्छन् (२.१.२)

*२.१.१ हिंसा निषेध*

शान्तिपूर्वक भेला हुने अधिकार **हिंसाको प्रयोग गरेर उपभोग गर्न सकिँदैन**, अर्थात् सहभागीहरूले अरुलाई चोटपटक लाग्ने वा मृत्यु हुनसक्ने वा सम्पत्तिमा गम्भीर क्षति गर्ने खालका बल प्रयोग गर्नु शान्तिपूर्वक भेला हुने अधिकारको प्रयोग होइन । शान्तिपूर्ण भेलाहरूलाई युद्ध हल्ला फिँजाउन वा विभेद, शत्रुता वा हिंसालाई उक्साउने खालका राष्ट्रिय, जातीय वा धार्मिक घृणालाई पैरवी गर्नका लागि प्रयोग गर्नु हुँदैन । त्यस सम्बन्धमा :

- केही सभागीहरूबाट पृथकरूपमा गरिने हिंसाका लागि अन्य व्यक्ति, आयोजक वा भेलालाई जिम्मेवार ठहऱ्याउनु हुँदैन, तर भेलामा यस्तो हिंसा व्यापक रहेको स्पष्ट देखिएमा त्यस्ता भेलाका सहभागितालाई संरक्षण प्रदान गरिँदैन ।
- सरकारी निकाय/अधिकारीहरू वा तिनका तर्फबाट काम गरी उत्तेजक परिस्थिति सिर्जना गर्ने एजेन्टद्वारा शान्तिपूर्वक भेलाका सहभागीहरूविरुद्ध गरिने हिंसाले भेला शान्तिपूर्ण नरहेको भन्न मिल्दैन ।
- **सामान्यरूपमा हुन ठेलामठेल र धकेलाधकेल वा सवारी साधन वा पैदल यात्रुहरूको आवागमन वा दैनिक गतिविधि अवरुद्ध हुनु "हिंसा"भित्र पर्दैन । त्यसैगरी, सहभागीहरूले हतियारजस्तो देखिने वा देखिनसक्ने कुनै वस्तुहरू वा ग्यास मास्क वा हेलमेटजस्ता सुरक्षाका साधनहरूको बोक्नुले ती सहभागीहरूको आचरण हिंसात्मक छ भनी मान्नका लागि पर्याप्त हुँदैन ।**

### *२.१.२ राज्यद्वारा प्रदान गर्नुपर्ने (corollary) प्रत्याभूति र संरक्षण*

तटस्थ एजेन्टको रूपमा राज्यले **अनिवार्य रूपमा देहायका कुरा गर्नुपर्छ** :

- भेलाको प्रयोजन वा अभिव्यक्त गरिने सामग्रीको स्वतन्त्रतापूर्वक निर्धारण गर्ने जिम्मेवारी सहभागीहरूलाई नै छोडिदिने । यसका अतिरिक्त, सहभागीहरूलाई सकेसम्म आफ्ना लक्षित वर्गले देख्ने र सुन्ने ठाउँमा भेला गर्न सक्षम बनाइनुपर्छ ।
- शान्तिपूर्ण भेलाहरूलाई सहजीकरण गर्ने र कुनै अनुचित/अनावश्यक हस्तक्षेप नगरी सहभागीहरूलाई उनीहरूको उद्देश्यहरू हासिल गर्न सम्भव बनाउने ।
- राज्यबाहेकका (गैरराज्य) व्यक्तिहरूबाट हुनसक्ने दुर्व्यवहारबाट - जस्तै :- सर्वसाधारण सदस्य, भेलाको विरुद्धमा प्रदर्शन गर्नेहरू र निजी सुरक्षा प्रदायकहरूले गर्नसक्ने हस्तक्षेप वा हिंसाबाट- सहभागीहरूलाई संरक्षण गर्ने । तर भेलाविरुद्ध हुने प्रदर्शन गर्नु पनि यस्ता प्रदर्शन गर्नेहरूको आफ्नै भेला हुन पाउने अधिकारको रूपमा सुनिश्चित गर्ने र सोही समयमा तिनीहरूले विरोध गरेका भेलाहरूमा अनुचित बाधा व्यवधान उत्पन्न हुन नदिने ।
- जातजाति, वर्ण, उमेर, लिङ्ग, भाषा, सम्पत्ति, धर्म वा आस्था, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म, अल्पसङ्ख्यक, आदिवासी, अपाङ्गता, यौन झुकाव वा लैङ्गिक

पहिचान वा अन्य कुनै पनि स्थितिका आधारमा भेदभाव नगरी **अधिकार प्रयोगका लागि समान सहजीकरण र अधिकारको प्रभावकारी संरक्षण सुनिश्चित गर्ने ।**

यसै गरी, पत्रकार, मानवअधिकार रक्षक, निर्वाचन पर्यवेक्षक र अन्य व्यक्तिहरू पनि संरक्षणको हकदार छन् । तिनीहरूलाई आफ्नो कार्यहरू गर्न, कानून लागू गर्ने अधिकारीहरूले गर्ने कार्यको निगरानी र पर्यवेक्षण गर्न निषेध गरिनु वा अनुचित हिसाबले सीमित/नियन्त्रित गरिनु हुँदैन । कुनै भेलालाई गैरकानूनी घोषणा गरिएको वा तितरबितर पारिएको अवस्थामा समेत सहभागीले कुनै प्रतिशोध वा अन्य दुर्व्यवहारको सामना गर्नुहुँदैन, र उनीहरूको उपकरण खोसिनु वा क्षति गरिनुहुँदैन,।

कुनै व्यक्ति वा समूहद्वारा भेलाको तात्कालिक परिवेशभन्दा बाहिर गएर **सोसँग सम्बन्धित क्रियाकलाप** गरिएका छन्, तर यस्ता क्रियाकलाप भेला हुने अधिकारको प्रयोगलाई अर्थपूर्ण बनाउनका लागि अत्यावश्यक छन् भने तिनलाई पनि संरक्षणभित्र समेटिनुपर्छ । उदाहरणका लागि, राज्यले इन्टरनेट कनेक्सन वा शान्तिपूर्ण भेला हुने कुरासँग सम्बन्धित सामग्रीको पहुँचमा रोकावट वा अवरोध गर्नु हुँदैन ।

२.२ शान्तिपूर्वक भेला हुने अधिकारमा प्रतिबन्धको वैधता

**वैधानिकता (Legality)** : प्रतिबन्ध लगाउँदा कानून वा कानूनी आधारमा हुने प्रशासनिक निर्णयहरूमार्फत लगाइनुपर्छ ।

**आवश्यकता र उपयुक्त (Necessity and Proportion) ।** प्रतिबन्ध लगाउने कुरा अनिवार्यरूपमा प्रजातन्त्र, कानूनको शासन, राजनीतिक बहुलवाद र मानवअधिकारहरूमा आधारित समाजको सन्दर्भमा आवश्यक र उपयुक्त हुनुपर्छ, उचित र वाञ्छनीय रहेको भनेर मात्र प्रतिबन्ध लगाइनु हुँदैन । प्रतिबन्ध भेदभावपूर्ण हुनुहुँदैन, यसले अधिकारको मर्म र भावनालाई कमजोर बनाउनु हुँदैन, वा यो भेलाहरूमा सहभागी हुन हतोत्साहित वा भयभीत बनाउन लक्षित हुनुहुँदैन । कुनै पनि भेलालाई प्रतिबन्ध गर्ने कुरा अन्तिम उपायको रूपमा मात्र विचार गर्न सकिन्छ । शान्तिपूर्ण भेलाहरूमा लगाइने व्यापक प्रतिबन्ध अनुपयुक्त मानिन्छ ।

**वैध/कानूनी आधार (Legitimate grounds)** । *राष्ट्रिय सुरक्षा* वा *सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सर्वसाधारणको स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार र स्वतन्त्रताको संरक्षणको हितमा मात्र* प्रतिबन्धहरूलाई उचित ठह्याउन सकिन्छ । शान्तिपूर्ण भेलाको अधिकारमा व्यापक प्रतिबन्धलाई उचित ठह्याउनका लागि पक्ष राष्ट्रहरूले यी धारणाहरूको अस्पष्ट परिभाषामा निर्भर रहनु हुँदैन । यदि प्रतिबन्धले गर्ने हानि लाभभन्दा अधिक हुन्छ भने यस्ता प्रतिबन्ध अनुपयुक्त हुन्छ र त्यसैले यस्ता प्रतिबन्ध लगाउनु हुँदैन ।

**निषेधहरूको कार्यान्वयन :**

- शान्तिपूर्ण भेलामा लगाइने प्रतिबन्धले राजनीतिक विरोध, सत्ताको लागि चुनौती वा प्रजातान्त्रिक परिवर्तन, आत्मनिर्णय वा संवैधानिक सुधारको आह्वानलाई दबाउने छैन भन्ने सुनिश्चित गर्ने ।
- भेदभाव, शत्रुता वा हिंसालाई प्रवर्द्धन गर्ने अवस्थामा बाहेक झण्डा, युनिफर्म, सङ्केत वा ब्यानरहरूको प्रयोगलाई सामान्यतया अभिव्यक्तिको वैध स्वरूप मानिनुपर्छ ।
- सर्वसाधारणबाट शत्रुतापूर्ण प्रतिक्रिया हुन सक्ने सम्भावनालाई शान्तिपूर्ण भेलालाई प्रतिबन्ध गर्नुपर्छ भन्ने तर्कसङ्गत औचित्य मानिँदैन ।
- केही सार्वजनिक स्थलहरू (जस्तै अदालत, संसद) भेलाका लागि प्रवेश गर्न नपाउने (off-limits) भनेर तोक्नु हुँदैन, सार्वजनिक स्थलहरूमा भेला हुन दिनुपर्छ ।
- शान्तिपूर्ण भेलाको दौरान आफ्नो सन्देश बताउनका लागि सहभागीहरूलाई पोस्टर, मेगाफोन, सांगितिक बाजागाजा वा प्रोजेक्टरहरूजस्ता सामग्री प्रयोग गर्ने कि नगर्ने भन्ने कुरा छनोट गर्न सहभागीहरूलाई नै दिनुपर्छ ।
- भेलामा सहभागीहरूको सङ्ख्या यति मात्र हुनुपर्छ भनेर सीमित गर्नुहुँदैन ।
- पक्राउ गर्नुपर्ने उचित आधार नभएसम्म, सहभागीहरूको नाम गोपनीय राखिनुपर्छ ।

प्रतिबन्ध लागेको अवस्थामा, त्यस्तो प्रतिबन्ध गैरकानूनी छ वा आवश्यकता र उपयुक्तताको सिद्धान्तलाई सम्मान गर्दैन भने त्यस्तो प्रतिबन्धका लागि क्षतिपूर्ति पाउनका लागि सजिलै **कानूनी कदम चाल्न** सकिने हुनुपर्छ ।

**सूचित गर्नुपर्ने व्यवस्था (Notification rgime)** । भेला आयोजनाको अनुमति लिन निवेदन दिनुपर्ने व्यवस्था भनेको शान्तिपूर्ण भेला हुन पाउनु आधारभूत अधिकार हो भन्ने अवधारणा विपरीत कुरा हो । अधिकारीहरूले भेलाहरूलाई सहजीकरण गर्ने कुरामा उनीहरूलाई सहयोग गर्नका लागि सूचित गर्नुपर्ने व्यवस्था स्वीकार्य भए पनि यस्ता प्रक्रिया अनावश्यकरूपमा बोझिलो हुनुहुँदैन । सूचना नपाएको भनेर कुनै पनि भेलालाई गैरकानूनी ठहऱ्याउनु हुँदैन वा भेलालाई तितरबितर पार्ने वा सहभागी वा आयोजकहरूलाई फौज्दारी अभियोग लगाउने आधारको रूपमा प्रयोग गरिनुहुँदैन ।

## ३. कानून कार्यान्वयन गर्ने निकायको कर्तव्य र अधिकारहरू

**कर्तव्य :**

- भेलाहरूको गस्तीमा तालिमप्राप्त रहेको कानून लागू गर्ने अधिकारीहरू (सुरक्षाकर्मी) मात्र यस प्रयोजनका लागि खटाइनुपर्छ । भेलाहरूको गस्तीमा सेनाको प्रयोग गर्नुहुँदैन ।
- कानून लागू गर्ने निकायले आयोजक र सहभागीहरूको मौलिक अधिकारहरूको सम्मान गर्नुपर्छ र उनीहरूले ती अधिकारको उपभोग गर्न पाउने सुनिश्चित गर्नुपर्छ । त्यसै गरी, पत्रकार, निरीक्षक

र पर्यवेक्षक, चिकित्साकर्मी कर्मचारी र सर्वसाधारण सदस्यका साथै सार्वजनिक र निजी सम्पत्तिलाई हानि नोक्सानी हुनबाट जोगाउनुपर्छ ।

- हिंसामा परिणत हुनसक्ने परिस्थितिलाई नियन्त्रण गर्नुपर्छ । बल प्रयोग गर्नुपर्ने अवस्थामा अहिंसात्मक माध्यम वा चेतावनी दिने कुरा अप्रभावकारी हुने अवस्थामा बाहेक, **बल प्रयोग गर्दा सकभर अहिंसात्मक माध्यम प्रयोग गर्नुपर्छ र बल प्रयोग गर्नुभन्दा पहिले चेतावनी दिनुपर्छ ।** भेलाको समयमा वैधानिक कानून लागू गर्नुपर्ने भएमा न्यूनतम आवश्यक बल मात्र प्रयोग गर्नुपर्नेछ ।

**अधिकारहरू :**

- भेलाहरूमा सहभागी हुने वा सहभागी हुन लागेका मानिसहरूको हकमा प्रयोग गरिने रोकेर तलाशी लिने ("stop and search") वा रोकेर जाँच गर्ने ("stop and frisk") अधिकारलाई गम्भीर अपराध गर्ने उचित शंका वा त्यस्तो अपराधको धम्कीको आधारमा प्रयोग गरिनुपर्छ ।
- घेराबन्दी गर्ने ("kettling"), यसमा कानून लागू गर्ने अधिकारीहरूले सहभागीहरूको एउटा खण्ड वा वर्गलाई घेरेर बस्छन् वा यताउता जान दिँदैनन् । यो अधिकार त्यहाँ मात्र प्रयोग गर्न सकिनेछ जहाँ त्यस्तो वर्गबाट उत्पन्न हुने वास्तविक हिंसा वा आसन्न खतरालाई सम्बोधन गर्नु आवश्यक र उपयुक्त छ ।
- केवल असाधारण परिस्थितिमा मात्र भेलालाई तितरबितर गर्न सकिनेछ । **भेला शान्तिपूर्ण नभएको देखिएमा वा केही व्यक्तिहरूलाई पक्राउ गर्नेजस्ता उपयुक्त उपायहरूबाट उचितरूपमा सम्बोधन गर्न नसकिने खालका गम्भीर हिंसा हुनसक्ने आसन्न खतराको स्पष्ट प्रमाण देखिएमा तितरबितर पार्ने उपायको सहारा लिन सकिन्छ ।** सबै मामिलामा, बल प्रयोगका सम्बन्धमा रहेका कानूनी व्यवस्थाको पूर्णरूपमा पालना गर्नुपर्छ ।

**हतियारको प्रयोग :**

- व्यापक क्षेत्रसम्म प्रभाव पार्ने **कम घातक हतियार** (जस्तै अश्रु ग्यास, पानीको फोहरा) प्रयोगले सबैलाई प्रभाव (indiscriminate effects) पार्ने गर्दछ । यस्ता हतियारको प्रयोग गर्दा भागदौड मच्चिने वा नजिकका अन्य दर्शकलाई हानि गर्नेजस्ता जोखिमहरू कम गर्न सबै उचित उपायहरू अपनाउनुपर्छ । यस्ता हतियारलाई अन्तिम उपायका रूपमा मात्र प्रयोग गर्नुपर्छ र हतियारको प्रयोग गर्नुभन्दा पहिले मौखिक चेतावनी दिएर भेलाका सहभागीलाई तितरबितर हुने पर्याप्त मौका दिनुपर्छ । बन्द स्थानहरूमा अश्रु ग्यास प्रयोग गर्नुहुँदैन ।
- भेलाको गस्ती गर्दा **बन्दुक (firearms)** प्रयोग गर्नुहुँदैन । भेलालाई तितरबितर पार्न मात्रै बन्दुक कहिल्यै प्रयोग गर्नुहुँदैन । अन्तर्राष्ट्रिय कानूनले निर्देशित गरेअनुसार कानून कार्यान्वय गर्ने अधिकारीहरूले भेलामा बन्दुकको प्रयोग त्यो बेला मात्र गर्न सक्नेछन् जब त्यहाँ लक्षित सहभागीहरूको मृत्यु हुने वा गम्भीर घाइते हुने आसन्न खतरा रहेको हुन्छ । रबर लेपिएको

धातुको गोलीले पनि मृत्यु हुनसक्ने जोखिम हुने भएकाले त्यस्तो गोली प्रयोगको सन्दर्भमा पनि माथि उल्लिखित मापदण्ड नै लागू गरिनुपर्छ । हिंसाको सम्भावना विद्यमान रहेको अवस्थामा, अधिकारीहरूले पर्याप्त चिकित्सकीय सेवामा पहुँचको सुनिश्चित गर्नुपर्छ । जथाभावी बन्दुक चलाउन कहिल्यै पाइँदैन वा भेलाको गस्तीको समयमा पूर्ण स्वचालित मोडमा राखेर बन्दुक प्रयोग गर्नु हुँदैन ।

**कानून कार्यान्वयन गर्ने अधिकारीहरूले भेलाहरूमा गैरकानूनीरूपमा बलको प्रयोग गरेको वा सोसम्बन्धमा अन्य उल्लङ्घनका कार्य गरेको भनी उजुरी परेमा, राज्यहरूले त्यस्ता घटनाहरू प्रभावकारी, निष्पक्ष र समयमै छानविन गर्नुपर्छ ।**

एचआरजेसी २०२३
https://www.hrjc.org.np
contact@hrjc.org.np
+ ९७७ ९८१९०३३४९५